नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
वातावरण तथा विपद व्यवस्थापन शाखा

फोन नं. ४२००१०६
फ्याक्स नं. ०१-४२००३२६
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र सङ्ख्या वा.व्य.शा. २०७५/७६
च.नं: ३६५

मिति:२०७५।१०/१३

श्री स्थानीय तहहरु (सबै)

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षताना बाग्मती लगायत काठमाडौं उपत्यकाको नदीहरुको सफाई अभियानको ३०० औं हप्ताको कार्यक्रम सम्बन्धमा देहाय बमोजिम निर्णय भएकोले यसैसाथ संलग्न निर्णय कार्यान्वयन गर्नु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

सीता दुवाडी
शाखा अधिकृत

**बोधार्थ :**
श्री सूचना तथा प्रविधि शाखा- प्रस्तुत पत्र मन्त्रालयको website मा upload गरिदिनुहुन ।

# निर्णयहरु :

१। नेपाल सरकार बाट मिति २०७३/११/२८ मा जारी भएको राष्ट्रिय सरसफाई अभियान घोषणा पत्र २०७३ लाई सबै स्थानीय तहहरुले कार्यान्वयन गर्ने।

२। उपत्यकाका सबै नगरपालिका प्रमुखज्यूको संयोजकत्वमा वडा अध्यक्षहरु, अभियन्ताहरु र अन्य सरोकारवालाहरु सदस्य रहने सरसफाइ अभियान समिति गठन गर्ने।

३। सबै वडास्तरमा वडा अध्यक्षज्यूको संयोजकत्वमा टोल सुधार समिति र अभियन्ताहरु समेत सम्मिलित वडास्तरीय समिति बनाई अभियान सञ्चालन गर्ने।

४। उपत्यका भित्रका नगरपालिकाहरुले माघ २१ गते देखि माघ २५ गते भित्र स्थानीय तहले तोकेको स्थानमा हुने कार्यक्रम तय गरी आ-आफ्नो नगरपालिकामा प्रचार प्रसार गर्ने र २६ गते मूल कार्यक्रममा सबैलाई सहभागि गराउने।

५। मूल समारोह समितिमा पठाउने पदाधिकारीहरु, कर्मचारी, नागरिक समूह र अभियन्ताहरुको सुची तयार गरी सो को जानकारी मूल समारोह समितिमा पठाउने।

६। सबै स्थानीय तहले आआफ्नो क्षेत्रमा माघ २६ गते विशेष सरसफाई अभियानको रुपमा सञ्चालन गर्ने र आफ्नो क्षेत्र भित्रको नदि सफाई कार्यक्रममा सहभागी गराउने।

७। मन्त्रालयले २०७५ माघ २० गते भित्र सबै नगरपालिकामा लागु हुने गरी नदि तथा अन्य क्षेत्र सफाई सम्बन्धि नमूना कार्यविधि निर्माण गरी उपलब्ध गराउने हुदा सो कार्यविधिलाई सम्पूर्ण स्थानीय तहले कानून बनाई लागू गर्ने र सरसफाई अभियानलाई वर्षभरी सञ्चालन गर्ने घोषणा गर्ने।

८। उपत्यकाका सबै स्थानीय तहका वडाहरुले वाग्मति नदि प्रणालीका सबै सहायक नदिहरु समेतमा सरसफाई गर्ने विषय आफ्नो कार्य जिम्मेवारी भित्र पारी प्रत्येक हप्ता सरसफाई गर्ने अभियान सञ्चालन गर्ने।